# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्या: १५-२०७९/०८०

मिति २०७९/१२/२८ समय: बिहान ११:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थिती:**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) | श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) | श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) | श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) | श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) | श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) | श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) | श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) | श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) | श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) | श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) | श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थिती:**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/१२/२८** **वैठक संख्या: १५-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा ।
२. विपदजन्य रुख कटान सम्बन्धमा ।
३. भलेनी खोल्सा सडकको खानेपानी व्यवस्थापन सम्बन्धमा ।
४. वडा नं. ५ वडा कार्यालय र चक्रवर्ती आ.वि. पछाडी खोल्सा पुर्ने कामको भुक्तानी सम्बन्धमा ।
५. नदीजन्य पदार्थ उत्खनन प्रभावित क्षेत्रमा कार्यक्रम सम्बन्धमा ।
६. आवधिक योजना सम्बन्धमा ।
७. ग्याबियन जाली वितरण सम्बन्धमा ।
८. भुवनटार घाटमा मेशिन प्रयोग अनुमती सम्बन्धमा ।
९. सडक मर्मत सम्भार गर्ने सम्बन्धमा ।
१०. भृकुटी मा.वि.लाई फर्निचर सहयोग सम्बन्धमा ।
११. बेरोजगार फर्म EMIS मा प्रविष्ठ गर्ने सम्बन्धमा ।
१२. रिभर स्कसन टुर्स प्रा.लि.लाई सञ्चालन अनुमती दिने सम्बन्धमा ।
१३. जस्तापाता सहयोग सम्बन्धमा ।
१४. विद्यालयको दरबन्दी थप-घट गर्ने सम्बन्धमा ।
१५. कृषि विकास बैंकको शाखा राख्ने सम्बन्धमा ।
१६. सेतीभतेरीघाटबाट उत्खनन प्रगती सम्बन्धमा ।
१७. कक्षा कोठा थप गर्ने सम्बन्धमा ।
१८. जनप्रतिनिधिहरुको बिमा सम्बन्धमा ।
१९. अनुमती दिने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** यस अघिको कार्यपालिका वैठकको निर्णय कार्यान्वयन प्रगती समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट वडा नं. ५ क्षेत्र विकास भवन अगाडी देखि टाउनचोक र टाउनचोक देखि देउपुर सम्मका रुखहरु जुनसुकै समयमा ढलेर घर, बस्ती तथा हिंडडुल गर्ने मानिस, जनावरलाई क्षति पुर्याई विपद निम्त्याउने सम्भावना रहेको छ । त्यसैले उक्त क्षेत्रका रुखहरु कटान गर्ने सम्बन्धी विवरण खुलेको २५ गोटा रुख कटान विवरण तयार गरियो र स्वीकृतिका लागि जिल्ला विपद व्यवस्थापन समिति र डिभिजन वन कार्यालय दमौलीमा पठाउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ३:** देवघाट – ५ इलाका प्रहरी कार्यालय देखि माझटोल हुँदै मुख्य सडकमा जोड्ने ढल निर्माणको क्रममा खानेपानी पाइपलाईन पूर्ण रुपमा क्षती भई खानेपानी अवरुद्ध भएकोले चालु भैपरी शिर्षकबाट उक्त क्षेत्रमा पाइप लाईन बिछ्याउन रु. ४५,६१२/- खानेपानी उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** वडा नं. ५ वडा कार्यालय र चक्रवर्ती आधारभूत विद्यालय पछाडी खोल्सा पुर्ने कार्यको लागि चालु भैपरी शिर्षकबाट रु. ५,३०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ५:** नदीजन्य पदार्थ उत्खनन प्रभावित क्षेत्रमा कार्यक्रम शिर्षकको रु. १५ लाख मध्ये रु. १० लाख भुवनटार घाट नजिक भर्जन खोल्सा ढलान कार्यक्रमको लागि र रु. ५ लाख चापखोला र क्वादीखोला क्षेत्रमा योजना तथा कार्यक्रम सञ्चालनको लागि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** आ.व. २०७८/०७९ देखि २०८०/०८१ अवधिको गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा भएकोमा हालको परिस्थिति तथा कार्यान्वयन प्रगतिको आधारमा उक्त आवधिक योजनामा समसमायिक संशोधन गर्ने निर्णय गरियो । उक्त आवधिक योजना संशोधन सिफारिस गर्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**:

| | | |
|---|---|---|
| १) | गाउँपालिका अध्यक्ष | - संयोजक |
| २) | गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ३) | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४) | वडा अध्यक्ष (सबै वडा कार्यालय) | - सदस्य |
| ५) | कार्यक्रम अधिकृत | - सदस्य सचिव |

**निर्णय नं. ७:** विपद व्यवस्थापनको लागि २४० थान ग्याबियन जाली खरिद गरिएकोमा १२५ थान तत्काल सबै वडाहरुमा वितरण गर्ने र बाँकी ११५ थान आपतकालिन विपद व्यवस्थापनको लागि कार्यालयमा मौज्दात राख्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** भुवनटार घाटमा मेशिनरी उपकरण प्रयोगको अनुमती माग भई आएको तथा अनुगमन समितिबाट सिफारिस भई आएकोले तपसिल अनुसारको मेशिनरी उपकरण प्रयोग गर्न अनुमती दिने निर्णय गरियो ।

**तपसिल**:

क) व्याक हो लोडर (टायरवाला मेशिन) (नदीजन्य पदार्थ उत्खनन गर्न) - १ थान

ख) स्काभेटर (चेनवाला) (बाटो निर्माण, मर्मत तथा उत्खनन भएको नदीजन्य पदार्थ संकलन र व्यवस्थापन गर्न) - ३ थान

**निर्णय नं. ९:** तपसिल अनुसारका सडकहरु मर्मत सम्भार तथा स्तरोन्नती गर्ने निर्णय गरियो ।

क) वडा नं. ५ बगन्दी देख १७ किलो भनिने झोलुङ्गे पुल सम्म – मर्मत शिर्षकबाट

ख) वडा नं. २ खाल्टे कटहरे सडक नयाँ ट्र्याक निर्माण

ग) वडा नं. ४ आइलिम डढुवा खोला सडक

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १०:** वडा नं. ३ भृकुटी मा.वि.लाई फर्निचर खरिद गर्नको लागि विद्यालय भवन मर्मत तथा भौतिक संरचना र फर्निचर शिर्षकबाट एकमुष्ठ रु. १ लाख नगद भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २५६ वटा बेरोजगार फर्म EMIS मा प्रविष्ट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** रिभर स्कसन टुर्स प्रा.लि. लाई देवघाट गाउँपालिका सेती नदी र त्रिशुली नदी दोभान देखि देवघाट वेणी संगम सम्म सेवाशुल्क विल रकमको १०% (दश प्रतिशत) लिने गरी मोटरबोट सञ्चालन गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** वडा नं. २ खाल्टे बालकुमारी परियारको आर्थिक अवस्था कमजोर भएकोले घर छाउनको लागि इष्टिमेट अनुसार लाग्ने जस्तापाताको लागि लाग्ने रकम चालु भैपरी शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:** तपसिल अनुसारका विद्यालयको दरबन्दी थप-घट गरी मिलान गर्ने निर्णय गरियो ।
**तपसिल**

क) श्री जनज्योती आधारभूत विद्यालय, देवघाट – ४ को एउटा दरबन्दी काटेर श्री राष्ट्रिय आधारभूत विद्यालय, देवघाट – ४ मा दरबन्दी थप गर्ने ।
ख) श्री बालकेश मा.वि., देवघाट – ३ तनहुँ र भृकुटी मा.वि., देवघाट – ३ तनहुँमा शिक्षक संख्या अपुग भएकोले गा.पा. बाट स्वयंसेवक शिक्षक व्यवस्था गर्ने ।
ग) श्री कमला बाल विकास केन्द्र देवघाट – २ लाई खारेज गरी देवघाट – ४, आग्रीडाँडामा बालविकास केन्द्र स्थापना गर्ने ।

**निर्णय नं. १५:** देवघाट गाउँपालिकामा अत्याधिक रुपमा कृषियोग्य भूमि रहेको र कृषकको संख्या पनि उल्लेख्य रहेकोला यस गाउँपालिकामा एक कृषि विकास बैंक अति आवश्यक भएकोले कृषि विकास बैंकको शाखा राखि दिनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** सेतीभतेरी घाटबाट २०७९/१२/२७ गते सम्म १०९८० घ.मि. उत्खनन भई ३६,५६,३४०/- (छत्तिस लाख छपन्न हजार तीन सय चालिस रुपैया) आम्दानी भएको जानकारी भयो ।

**निर्णय नं. १७:** तपसिल अनुसारको विद्यालयहरुमा तपसिल अनुसारको कक्षा थप गर्ने निर्णय गरियो ।
**तपसिल:**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | थप गर्नुपर्ने कक्षा | शिक्षा समितिको निर्णय मिति |
|---|---|---|---|---|
| १ | माँ कल्याणी वैदिक कन्या गुरुकुलम | देवघाट – ५ | ९ | २०७९/१०/१६ |
| २ | श्री चेतना आधारभूत विद्यालय | देवघाट – १ | २ | २०७९/१०/१६ |
| ३ | श्री राष्ट्रिय आधारभूत विद्यालय | देवघाट - ४ | ९ | २०७९/१२/२३ |

**निर्णय नं. १८:** देवघाट गाउँपालिका अन्तर्गतका २९ जना जनप्रतिनिधिहरुको प्रति व्यक्ति रु. १०,०००/- प्रिमियम बुझाउने गरी बिमा गर्ने निर्णय गरियो । साथै उक्त बिमा प्रिमियम हाल चालु भैपरीबाट सापटी स्वरुप बुझाउने र प्रदेश सरकारमा माग गरी पठाउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. १९:** देवघाट १ कोटा क्षेत्रको पूर्वी भाग खमारी डाँडा देखि शिखर डाँडासम्मको क्षेत्रको तामाखानी उत्खनन गर्न शालिग्राम करिडोर कच्चि सडकबाट ढाँडखोलाबाट माथितर्फ ८०० मि. कच्ची सडक निर्माण गर्न डोङ शान मिनरल्स प्रा.लि. लाई अनुमती दिने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष